# शरणार्थी तथा विदेशी कामदारहरुको लागि हटलाइन (Hotline for Refugees and Migrant workers)

## थुनामा रहेका विदेशी कामदारहरुको लागि जानकारी तथा उनीहरुको अधिकार

हटलाइन (The Hotline for Refugees and Migrants) विदेशी कामदार,मानव तस्करीको शिकार भएका व्यक्तिहरु एवं शरणार्थीको हक हितको लागि काम गर्ने एक मानव अधिकारवादी गैरसरकारी संस्था हो । हटलाइन ले अधिकार,कानूनी सल्लाह एवं प्रतिनिधित्व गर्ने , जनचेतना जगाउने तथा अध्यागमन नीतिको बारेमा जानकारी प्रदान गर्ने कार्यहरु गर्दछ, मुख्यतया हामी थुनामा रहेकालाई सहयोग गर्ने कुरामा जोड दिन्छौं ।

## पकाउ परेका बेला तपाइको अधिकार

- तपाईलाई पकाउ गर्न सक्ने पकाउ वारेन्ट नभएसम्म पुलिस तथा अध्यागमन निरीक्षकहरु तपाईको घर भित्र प्रवेश गर्न पाउदैनन् ।
- प्रहरी/अध्यागमन अधिकृतले पकाउ पुर्जी घरमा रहेका अन्य व्यक्तिलाई समेत देखाउनुपर्नेछ । पकाउ पुर्जी तपाइले बुझ्ने भाषामा र तपाइको घरको ठीक ठेगाना लेखेको हुनुपर्छ ।
- पकाउ गरेपछि तपाइलाई कुटपिट गर्न पाइने छैन । यदि तपाइले पकाउ हुन मान्नुभएन भने मात्र अध्यागमन अधिकृतले केही बल प्रयोग गर्न सक्नेछन् ।
- तपाइले पकाउको बारेमा जानकारी दिन फोन गर्न सक्नुहुनेछ ।

## पकाउ तथा मुक्त गर्ने प्रशासनिक प्रकिया

- **सीमा नियन्त्रण अधिकृत (Border Control Officer):** पकाउ परेको २४ घण्टा भित्र तपाइलाई गृह मन्त्रालय अन्तर्गतको सीमा नियन्त्रण अधिकृत सामु पेश गर्नु पर्नेछ जसले तपाइको सुनुवाई गर्नेछ ।उक्त अधिकृतले तपाइको केस हेर्नेपर्छ र हेरिसकेपछि उसलाई तपाईलाई आफ्नै देश फिर्ता पठाउने वा थुनामा राख्ने अधिकार हुन्छ । उसलाई तपाईलाई हिरासत मुक्त गर्ने समेत अधिकार हुन्छ ।
- यदि तपाईलाई देश फिर्ता गर्ने आदेश जारी भयो भने तपाइले बुझ्ने भाषामा त्यो आदेशको प्रतिलिपि प्राप्त गर्ने अधिकार हुन्छ ।
- तपाईलाई देश फर्काउने आदेश जारी भएको ७२ घण्टाभित्र त्यस विरुद्ध अदालतमा पुनरावेदन दिन सक्नुहुनेछ । यो बीचमा तपाइले सीमा नियन्त्रण अधिकृत समक्ष आफ्नो पक्षमा प्रमाणहरु पेश गर्न सक्नुहुनेछ ।
- **प्रशासनिक हिरासत न्यायाधिकरण (Administrative Detention Tribunal ):** जति सक्दो छिटो पकाउ परेको ४ दिन भित्रै तपाइलाई जेलमा रहेको प्रशासनिक हिरासत न्यायाधिकरण समक्ष पेश गर्नु पर्नेछ ।
- ३० दिनभन्दा बढीका लागि हिरासतमा रहेका बन्दीलाई कम्तीमा ३० दिनमा एक पटक अदालत समक्ष पेश गर्नुपर्नेछ ।
- तपाइले आफ्नो केशको अर्को सुनुवाइको लागि प्रशासनिक हिरासत न्यायाधिकरणसमक्ष निवेदन दिन पाउनु हुनेछ ।
- यदि तपाइले पकाउ अगाडि नै शरणार्थीको लागि निवेदन दिनुभएको छ र त्यसलाई प्रमाणित गर्ने कागजपत्र (documents) सँगै ल्याउनुभएको छ भने त्यस बारेमा पकाउ गर्ने अधिकृत, सीमा नियन्त्रण अधिकृत तथा प्रशासनिक हिरासत न्यायाधिकरण लाई जानकारी दिनु पर्दछ ।
- यदि तपाइले पकाउ अगाडि शरणार्थीको लागि निवेदन दिन चाहे पनि गर्न सक्नुभएको थिएन भने, तपाइले आफ्नो देश फर्कन गाह्रो हुने कुरा कुनै पनि विन्दुमा वा तपाइले सम्पर्क गर्नसक्ने कुनै पनि अध्यागमन अधिकृत समक्ष भन्न सक्नुहुनेछ जस्तै , प्रहरी/सीमा नियन्त्रण अधिकृत/न्यायाधिकरण/जेल अधिकृत आदि
- ~~शरणार्थीको लागि आवेदन दिएको व्यक्ति लाई उनीहरुको केस चलिरहेको बखत आफ्नो देश फर्काउन पाइदैन ।~~

## थुनामा रहँदा तपाइको अधिकार

- टेलिफोन प्रयोग गर्न पाउने,
- UNHCR को प्रतिनिधि,तपाइको वकिल अथवा हटलाइनका स्वयंसेवकसँग भेट्न पाउने,
- दिनमा तीनपटक पोषिलो खाना खान पाउने, व्यक्तिगत सफाइका लागि साबुन, स्याम्पु,टुथपेष्ट प्रयोग गर्न पाउने, मौसम अनुसार तपाइलाई ठीक हुने कपडा(यदि तपाइको आफ्नो छैन भने) तथा ब्ल्याङ्केट ,
- आवश्यक परेमा स्वास्थ्य उपचार,
- अन्य इजरायली आपराधिक बन्दी भन्दा अलगै बस्न पाउने,
- दिनको कम्तीमा एक घण्टा जेलको आगनमा बस्न अनुमति पाउने,
- जेल मुक्त भएपछि आफ्नो सामान तथा कागजपत्र पाउने ,

## जेल मुक्त हुनसक्ने अवस्थाहरु

निम्न उल्लिखित अवस्थाहरु भई सीमा नियन्त्रण अधिकृत तथा प्रशासनिक हिरासत न्यायाधिकरण तपाइको कुरामा विश्वस्त भएमा उनीहरुले तपाइलाई जेल मुक्त गर्न सक्दछन् :

- तपाइलाई इजरायलमा बस्ने अनुमति हुँदाहुँदै पनि गैरकानूनी तरीकाले पकाउ गरिएको ।
- तपाईले शरणार्थीको लागि आवेदन दिई जवाफको प्रतिक्षामा रहेको ।
- तपाई गल्तीले वा विना कुनै गल्ती अरु कसैको कारणले गैरकानूनी रुपमा इजरायलमा बस्नुभएको थियो र अब निर्धारित मितिमा नेपाल फर्कनुहुन्छ
- तपाई आफै निर्धारित मितिमा इजरायल छोड्नुहुनेछ यदि छोड्नुभएन भने तपाइलाई पत्ता लगाउन सकिन्छ
- थुनामा तपाइको स्वास्थ्य बिग्रिन सक्छ
- तपाइलाई थुना मुक्त गर्ने केही विशेष मानवीय आधारहरु छन्
- तपाइ थुनामा रहनाले तपाइको जिम्मेवारीमा रहेको नाबालकलाई हेरचाह गर्ने कोही छैन
- तपाई लगातार ६० दिनभन्दा बढी हिरासतमा रहीसक्नुभएको छ

यी सबै अवस्थाहरु यदि तपाइले जेल अधिकारीहरुलाई सहयोग गर्नुभयो, तपाइको कारणले आम जनताको सुरक्षा एवं स्वास्थ्य मा खतरा छैन भने मात्र लागू हुन्छ ।

**यदि तपाइलाई आफ्नो अधिकारको हनन भयो भन्ने लागेमा हामीलाई सम्पर्क गर्नुहोस्** । हाम्रो संस्थाका स्वयंसेवकहरुले हप्ताको धेरैपटक जेलमा भेट्न जानुहुन्छ । कृपया हामीलाई फोन गर्नुहोस्,तपाइको नाम,कैदी नं., विभागको विवरण हामीलाई टिपाउनुहोस् । Hotline का स्वयंसेवकहरुले जति सक्दो छिटो तपाइलाई भेट्न आउनुहुनेछ ।

| **सम्पर्क विवरण** | **भेट्ने समय:** |
|---|---|
| ठेगाना: ७५,नहलात बिन्यामिन,दोस्रो तल्ला<br>तेल अविव<br>टेलिफोन.:०३-५६०-२५३० फ्याक्स: ०३-५६०५१७५ | आइतबार: ९ बजे देखी १२ बजे सम्म , १ बजे देखि ५ बजे सम्म<br>मंगलबार, बिहीबार: ९ बजे देखी १ बजे सम्म<br>सोमबार, बुधबार: २ बजे देखि ६ बजे सम्म |

**तपाइको हक प्राप्तिका लागि हामी तपाइलाई सहयोग गर्न चाहन्छौ । हाम्रा सेवाहरु नि:शुल्क छन् ।**